आज मिति २०८०/०७ /२३ गते बिहिबारका दिन समय बिहान १०:०० बजे यस देवताल गाउँपालिकाका अध्यक्ष श्री उदय प्रसाद यादव ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरी तपसिलका निर्णयहरु गरियो।

उपस्थिती

| क.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री उदय प्रसाद यादव | अध्यक्ष | |
| २ | श्री सितापति देवी यादव | उपाध्यक्ष | |
| ३ | श्री अरुण कुमार सिंह | वडा अध्यक्ष वडा नं.१ | |
| ४ | श्री मनरुदीन मिँया ठकुराई | वडा अध्यक्ष वडा नं.२ | |
| ५ | श्री रामकिशोर प्रसाद कुशवाहा | वडा अध्यक्ष वडा नं.३ | |
| ६ | श्री ललन कुमार यादव | वडा अध्यक्ष वडा नं.४ | |
| ७ | श्री सुरेश प्रसाद साह | वडा अध्यक्ष वडा नं.५ | |
| ८ | श्री संजय कुमार | वडा अध्यक्ष वडा नं.६ | |
| ९ | श्री सतेन्द्र प्रसाद यादव | वडा अध्यक्ष वडा नं.७ | |
| १० | श्री रामपुजन पंडित कुम्हार | कार्यपालिका सदस्य | |
| ११ | श्री किसुनदेव ठाकुर हजाम | कार्यपालिका सदस्य | |
| १२ | श्री सरस्वती देवी | कार्यपालिका सदस्य | |
| १३ | श्री प्रभा देवी धोविन | कार्यपालिका सदस्य | |
| १४ | श्री ललिता देवी जैसवार | कार्यपालिका सदस्य | |
| १५ | श्री कान्ती देवी | कार्यपालिका सदस्य | |
| १६ | श्री नविन कुमार श्रीवास्तव | प्रमुख प्रशासकीय अधिकृत | |
| | आमन्त्रित | | |
| १. | श्री राजिव यादव | प्रशासन शाखा प्रमुख | |
| २. | श्री गजेन्द्र यादव | लेखा शाखा प्रमुख | |
| ३. | औलिक महम्द दर्जी | प्राविधिक शाखा प्रमुख | |

CamScanner

प्रस्ताव नं.१ वडा नं.६ को वडा कार्यालय संचालन सम्बन्धमा।

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा हाल वडा नं.६ को वडा कार्यालय संचालन भई रहेको भवन जिर्ण भई काम गर्न असुरक्षित रहेको व्यहोरा जानकारी गराइ तहाँका वडा अध्यक्षबाट पुर्ण सुरक्षित भवनमा वडाको काम गर्ने वातावरण मिलाई दिन यस कार्यालयलाई जानकारी गराएकोमा सोहि अवस्थालाई मध्यनजर गर्दै यस कार्यालयले कोठा भाडामा लिने प्रकिया समेत अगाडी बढाएको व्यहोरा देखिन्छ। कार्यालयले वडा कार्यालय व्यवस्थापन गर्दै गर्दा त्यहाँका वडा सदस्यहरुले सो को विरुद्धमा निवेदन दिएको अवस्था समेत देखिएको छ। तसर्थ वडा अध्यक्ष तथा वडा सदस्यहरुको छलफलमा भएको मौखिक सहमति अनुसार तथा वडा कार्यालय भवन असुरक्षित भएको कारणले गर्दा अर्को व्यवस्था नभए सम्म यस देवताल गाउँपालिकाले कोठा भाडामा लिने प्रकिआ अगाडी बढाए अनुसारनै कोठा भाडामा लिई वडा कार्यालय संचालन गर्ने निर्णय गरियो।

प्रस्ताव नं.२ योजना संचालन सम्बन्धमा।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिका आ.व. २०८०/८१ को योजना संचालन नेपाल सरकार , प्रदेश सरकार तथा स्थानिय सरकारको प्रचलित नियम कानुनको अधिनमा रहि आपसि सहकार्य तथा समन्वयमा संचालन गर्ने निर्णय गरियो। साथै सो सम्बन्धी कुनै अवरोध सिर्जना भएमा जनप्रतिनिधिले गाउँपालिका अध्यक्ष मार्फत तथा कर्मचारीले कार्यालय प्रमुख मार्फत समाधानको वातावरण सिर्जना गरी अवरोध समाधान गरी कार्य संचालन गर्ने निर्णय गरियो।

प्रस्ताव नं.३ वडाध्यक्ष तथा अन्य जन प्रतिनिधिहरुको जिम्मेवारी सम्बन्धमा।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा वडा अध्यक्ष तथा अन्य जनप्रतिनिधिहरुको काम कतर्व्य तथा जिम्मेवारी सम्बन्धमा नेपाल सरकारको प्रचलित ऐन स्थानिय सरकार संचलान ऐन २०७४ तथा अन्य ऐन कानुनमा भए बमोजिम काम कतर्व्य तथा जिम्मेवारी निर्वाह गर्ने निर्णय गरियो।

प्रस्ताव नं.४ यस देवताल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यायलको प्रवक्ता सम्बन्धमा।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस देवताल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यायलको प्रवक्ताले मिति २०८०/०७/२२ गते अध्यक्ष समक्ष राजिनामा दिएको र सो राजिनामा गाउँपालिका अध्यक्षज्यूबाट मिति २०८०/०७/२३ गते स्वीकृत भएको व्यहोरा यस कार्यपालिकालाई

CamScanner

अवगत गराउदै निजलाई राजिनामा स्वीकृत भएको मिति देखि नै निजलाई प्रवक्ताको जिम्मेवारीबाट पदमुक्त गर्ने निर्णय गरियो।

प्रस्ताव नं.५ नागरिक वडा पत्र सम्बन्धमा।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस देवताल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन हुने सम्पूर्ण काम कारवाहीको बारेमा जानकारी गराउने उदेश्यले सबै निकायमा नागरिक वडा पत्रको व्यवस्था गर्ने तथा सोही बमोजिम कामकारवाही गर्ने निर्णय गरियो।

प्रस्ताव नं.६ यस देवताल गाउँपालिकामा कामकारवाही सम्बन्धमा।

निर्णय नं. ६: प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस देवताल गाउँपालिका तथा अन्तगर्तका निकायमा कामकारवाही आपसि सहकार्य, समन्वय र सहयोगमा प्रचलित कानुनको अधिनमा रही सम्पादन गर्ने तथा कुनै पक्षबाट कामकारवाहीलाई अवरोध गर्ने , काम गर्ने वातावरणमा खलल पुरयाउने कार्य नगर्ने /नगराउने निर्णय गरियो।

प्रस्ताव नं.७ आर्थिक सहयोग सम्बन्धमा।

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस देवताल गाउँपालिकामा दर्ता भएको तपसिल बमोजिम कार्यकमको तपसिल बमोजिमको रकम आर्थिक सहयोग गर्ने निर्णय गरियो।

तपसिल

१.श्री कटीमाई मेला देवताल २ दक्षिण झिटकैया रु.—

२.श्री खैरामाई मेला देवताल ६ जाबका रु.-40,000/-